का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ७६
❒ १८ बैशाख २०७७, बिहीबार
❒ 30 April 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ५७ जना | १६ जना | ११५२४ | ८७ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ३१ लाख ६२ हजार | ९ लाख ७५ हजार | दुई लाख १९ हजार | १९ लाख ६७ हजार |

# सुल्झेन विवाद

## शनिबार सचिवालयको अर्को बैठक

आन्तरिक विवाद उत्कृर्षमा पुगेका बेला बुधबार बसेको सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले शनिबार अर्को बैठक बस्ने निर्णय गरेको छ । त्यसैअवधिमा समस्या हल गर्न अनौपचारिक गृहकार्य गर्ने समेत निर्णय गरेको छ ।



**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ वैशाख ।

आन्तरिक विवाद उत्कृर्षमा पुगिरहेका बेला बुधबार बसेको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले शनिबार अर्को बैठक बस्ने निर्णय गरेको छ। बैठक पछाडि नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले पार्टीभित्र देखिएको आन्तरिक विवाद, सरकार सञ्चालन प्रक्रिया लगायतबारे छलफल भएको बताए ।

उनले पार्टीमा देखिएको विवादबारे यो अवधिमा अनौपचारिक गृहकार्य हुने पनि उनले बताए। विशेषगरी, नेकपामा प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओली र उनी इतर नेताहरु बीचको विवाद उत्कृर्षमा पुगेको छ। तर, कतिसम्म भने दुवै पक्षका नेताहरु आफू निकट सांसदहरुको हस्ताक्षर समेत संकलन गरेर बैठकमा सहभागी भएका थिए । झण्डै साढे तीन घण्टा चलेको बैठकले सकारात्मक सन्देश दिएको नेताहरुले बताएका छन् ।

प्रवक्ता श्रेष्ठले भने त्यसबारे प्रष्ट बताएका छैनन् । तर, नेकपाभित्र देखिएको विवादबारे ठोस् निर्णय भने हुन सकेन । नेकपाभित्र प्रधानमन्त्री र अध्यक्ष दुवैबाट ओलीलाई हटाउने तयारी भइरहेको चर्चा बीच सचिवालय बैठक बसेको थियो ।

### यसरी एक्लिए ओली

नेकपामा अहिले मुलत: तीन ठूला गुट छन्- केपी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल । पार्टी एकीकरणको झण्डै डेढ वर्षसम्म ओली र प्रचण्डले भागबण्डाका आधारमा नेकपा चलाउँदै आएका थिए । तत्कालीन एमाले तर्फबाट ओलीले भागबण्डामा आफूले चाहेको व्यक्तिलाई भूमिका दिदै नेता नेपाललाई पेलेर अगाडि बढेका थिए ।

विशेषगरी पार्टी उपाध्यक्ष एवम् प्रदेश नम्बर तीनका इन्चार्ज अष्टलक्ष्मी शाक्यलाई ओलीले षडयन्त्रपूर्वक ढंगले मुख्यमन्त्रीमा पराजित गरेको भन्दै नेता नेपाल बढी बिच्किएका थिए । अझ: सामान्य गल्तीमा नेता नेपाल निकट शेरबहादुर तामाङलाई मन्त्रीबाट राजीनामा गराएका थिए भने पार्टीको महत्वपूर्ण भूमिकामा नेता नेपाल निकट नेताहरुलाई बञ्चित गरेका थिए ।

तर त्यस बेलासम्म पनि पार्टी ठीकठाकले चलिरहेकै थियो। जब, कृष्णबहादुर महराले सभामुखबाट बाहिरिए, यसपछि भने प्रचण्डसँग समेत ओलीको सम्बन्ध बिग्रियो । ओलीले सभामुखमा आफ्नै निकट व्यक्तिलाई पठाउन खोजेपछि प्रचण्डसँगको सम्बन्ध बिग्रियो । यसले प्रचण्ड नेता नेपालसँग नजिकिन बाँकी पृष्ठ २ मा

## ओली–नेपाल ‘पावर प्रदर्शन’

सत्तारूढ नेकपाका अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र उनी इतरका समूहले आफू निकट सांसदहरूलाई काठमाडौं बोलाएका छन् । निर्वाचन क्षेत्रमा कोभिड-१९ रोकथाम विरूद्धका गतिविधिमा संलग्न सांसदहरू काठमाडौं आएसँगै शक्ति प्रदर्शनको अवस्था देखिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ वैशाख ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र उनी इतर समूहले आफू निकट सांसदहरुलाई काठमाडौं बोलाएका छन् । कोभिड-१९ रोकथामका लागि आफ्नो निर्वाचन क्षेत्रमा सक्रिय सांसदहरुलाई दुवै समूहले काठमाडौं बोलाएका हुन् । सोमबार राति प्रधानमन्त्री निवास बालुवाटारमा उनी निकट केही सांसद एवम् नेताहरुको सल्लाहमा प्रधानमन्त्री ओलीले सांसदहरुलाई काठमाडौं बोलाएका हुन् ।

काठमाडौं आएका सांसदहरु ओलीलाई अध्यक्ष र प्रधानमन्त्री दुवैबाट हटाउन नहुने अभियानमा सक्रिय रहे । बुधबार दिनभर जसो ओली निकटका सांसदहरु इतर गुटका सांसदहरु आफुतिर तान्ने अभियानमा सक्रिय रहेका थिए । ओली इतरका नेताहरु पुष्पकमल दाहाल प्रचण्ड, बरिष्ठ नेता झलनाथ खनाल, बरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम, प्रवक्ता नारायणकाजी श्रेष्ठ र महासचिव विष्णुप्रसाद पौडेल निकट रहेका सांसदहरुलाई आफूतिर तान्ने प्रयासमा उनीहरु दिनभर व्यस्त रहे ।



बुधबार साँझ सचिवालय बैठक बोलाइएपछि त्यस अगाडि नै ओली निकट सांसदहरुले हस्ताक्षर नै संकलन गरेका थिए । सचिवालय बैठकमा पेश गर्न उनीहरुले हस्ताक्षर संकलन गरे । ओली निकट सांसदहरुको हस्ताक्षर संकलन भएपछि इतर समूहले पनि आफ्ना सांसदहरुसँग तीव्र सम्वाद र सम्पर्क गरे। अर्थात्, बुधबार दिनभर दुवै समूह ‘पावर प्रदर्शन’मा जुटेका थिए ।

२७५ सदस्यीय प्रतिनिधिसभामा नेकपाको १७४ सांसद छन्। त्यस मध्ये बहुमत जुटाउन ८८ सांसद आवश्यक पर्थ्यो । यसर्थ, दुवै समूहले आफूसँग ८८ पुऱ्याउने खेलमा व्यस्त रहे । दुवै पक्षले आफ्नो पक्षमा बहुमत रहेको दावी गरे । अर्थात्, केही सांसदहरुले दुवै तर्फ हस्ताक्षर गरेका थिए भने सचिवालयमा रहेका नेताहरु र मन्त्रीहरुले हस्ताक्षर गरेनन् । हस्ताक्षर संकलनमार्फत् ओलीले आफूसँग प्रधानमन्त्रीका लागि बहुमत सदस्य रहेको देखाउन खोजे भने इतर समूहले प्रधानमन्त्री विरुद्ध आफूहरुसँग बहुमत सदस्य रहेको प्रमाण पेश गर्न खोजे । नेकपाका शीर्ष नेताका अनुसार, दुवै तर्फले सांसदहरुको भेला र हस्ताक्षर संकलनलाई पावर प्रदर्शनका रुपमा देखाउने खोजियो। ती नेता भन्छन्, “तर, यो हस्ताक्षर संकलनले नोक्सान भने पार्टीलाई नै पुग्नेछ। किनभने, तत्काल नेकपाको संकट टरे पनि यसले दीर्घकालीन असर भने पार्नेछ ।”

# सवा दुई लाख फर्किने सरकारी आंकलन

## कोरोनाका कारण विदेशबाट फिर्ता आएका कामदारको उजुरी नलिइने कार्यविधिको तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ बैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा गठित कोरोना व्यवस्थापन समितिले कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण हालसम्म सवा दुई लाख नेपाली कामदार स्वदेश पर्काउने अवस्था उत्पन्न भएको बताएको छ । समितिका संयोजक रहेका वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहालले बुधबारसम्म २ लाख १८ हजार नेपालीलाई घर फर्काउने अवस्था आंकलन गरिएको बताए। खाडीका ६ मुलुक र मलेसियामा गरी करिब २१ लाख नेपाली रहेको अनुमान गरिएको पनि महानिर्देशक दाहालले जानकारी दिए ।

वैदेशिक रोजगार पत्रकार समाजले बुधबार गरेको अन्तरक्रिया कार्यक्रममा महानिर्देशक दाहालले उनीहरुलाई स्वदेश फर्काउन भन्दा पनि नेपाल आइसकेपछि उनीहरुलाई क्वारेन्टाइनमा राखी परिवारमा पुनर्मिलन गराउने काम सबैभन्दा पेचिलो रहेको भन्दै उनीहरुलाई नेपाल ल्याइने भएपनि तत्काल फर्काउने निर्णय नगरिएको बताए।

नेपाल सरकारले विश्वका १ सय ८ देशमा रोजगारीमा जान नेपाली नागरिकहरुलाई खुला गरेको छ। त्यसमध्ये विभागले संस्थागत रुपमा जाने १ सय ४ मुलुक र व्यक्तिगत रुपमा १ सय ७६ मुलुकमा जाने कामदारका लागि श्रम स्वीकृति दिने गरेको छ । त्यसमध्ये हाल यूएई, बहराइन, साउदी अरब र कुवेतमा रोजगारीमा गएका नेपाली कामदार कारोना भाइरसबाट बढी प्रभावित भएको आफुहरुको अध्ययनले देखाएको भन्दै महानिर्देशक दाहालले स्थिति अनुकुल हुनासाथ विदेशमा रहेका नेपाली कामदारहरुलाई स्वदेश फर्काउने बताए ।

विदेशमा रहेका नेपालीहरुको अवस्थाका बारेमा नेपाली नियोगहरु, गैर आवासीय नेपाली संघ सस्था र स्वयं कामदारहरुबाट जानकारी लिइरहेको जानकारी दिँदै महानिर्देशक दाहालले साउदी अरबबाट ३० जना कामदारहरुले देखाएको खाने बस्ने समस्याबाहेक हालसम्म अन्य देशबाट गम्भीर समस्या जानकारीमा नआएको बताए ।

तत्काल उद्धार गरिहाल्नुपर्ने, जहाँ छन् त्यहीँ सुरक्षित राख्ने र रोजगारी गुमाउने कामदारलाई सोही देशमा रोजगारी खोजेर व्यवस्थापन गर्ने जस्ता प्रक्रिया अपनाएर विदेशमा रहेका नेपालीका समस्याहरुलाई वर्गिकरण गरिएको भन्दै महानिर्देशक दाहालले नेपालबाट श्रम स्वीकृति लिएर गएका तर लकडाउनका कारण कम्पनीमा पुग्न नसकेका कामदारहरुको संख्या २० हजारको हाराहारीमा रहेको पाइएको जानकारी दिए ।

कोरोनाका कारण समस्यामा परी रोजगारी गुमाएर घर फर्किने कामदारहरुले पहिले जस्तो क्षतिपूर्तिको माग गर्दै विभागमा उजुरी दिन नपाउने बताउँदै महानिर्देशक दाहालले कामदार हरुलाई फर्काउदा स्वास्थ्य परीक्षणका अतिरिक्त घर फर्किने ईच्छापत्र जस्तो स्वीकृतिपत्रमा हस्ताक्षर गराउने कार्यविधि बनाउने गृहकार्य भइरहेको जानकारी दिए । तर कोरोना संक्रमणको महामारी फैलिनु अघि पाउनुपर्ने तलव लगायतका सुविधा नपाएको देखिएमा भने उजुरी लिई कानून अनुसार छानवीन गरिने महानिर्देशक दाहालले जानकारी दिए ।

आप्रवासी कामदारका अधिकारको पक्षमा काम गर्दै आएको मानव अधिकारका लागि जनमञ्च (पिपुल्स फोरम) का अधिवक्ता सोम लुइटेलले सरकारले लकडाउनको अवधिमा नै विदेशमा समस्यामा परेका बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## नेपाललाई कतार र युएईको सहयोग

**काठमाडौं/मस-** कतार र युएईले कोरोना भाइरस रोकथामका लागि नेपाल सरकारलाई स्वास्थ्य सामग्री उपलब्ध गराएका छन् । कतारबाट नेपाललाई सहयोग स्वरुप २० टन स्वास्थ्य सामग्री प्राप्त भएको छ। बुधबार दिउँसो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपालका लागि कतारका राजदूत युसुफ बिन मोहम्द अल-हेलले स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाललाई स्वास्थ्य सामग्री हस्तान्तरण गरे ।

कतारले पीपीई सेट, पीसीआर टेस्ट किट, एन ९५ मास्क, भीटीएस, सीआरआरटी मेसीन, सर्जिकल मास्क, सर्जिकल ग्लोब्स र सेनिटाइजरलगायत १४ प्रकारका स्वास्थ्य सामग्री उपलब्ध गराएको स्वास्थ्य सेवा विभागका महानिर्देशक महेन्द्र प्रसाद श्रेष्ठले बताए ।

बुधबार नै युएईले पनि नेपाल सरकारलाई कारोना भाइरस संक्रमणका बिरामीलाई उपचार गर्न प्रयोग गरिने स्वास्थ्य सामग्रीहरु उपलब्ध गराएको छ। युएईले करिब ९ टन स्वास्थ्य सामग्री नेपालाई उपलब्ध गराएको हो। युएईबाट इतिहादको वाइडबडी विमान चार्टर गरी उक्त सामग्री नेपाल आइपुगेको हो ।

# ५७ हजार परीक्षण, ५७ संक्रमित

कोभिड-१९ महामारीको पहिलो संक्रमण देखिएको चार महीनामा नेपालमा ५७ हजारको परीक्षण गरिएकोमा ५७ जनामा संक्रमण देखिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ वैशाख ।

बुधबार थप तीन जनामा कोभिड-१९ को सङ्क्रमण भेटिएको छ। टेकुस्थित राष्ट्रिय प्रयोगशालामा परीक्षणका क्रममा बाराका दुई र पर्साका एक पुरुषमा सङ्क्रमण देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा वासुदेव पाण्डेले बताए ।

उनका अनुसार समुदायमा सङ्क्रमण बढेको छैन । ती तीनैजना भारतबाट नेपाल आएर क्वारेन्टाइनमा रहेका व्यक्ति हुन् । उनका अनुसार सङ्क्रमितमध्ये एक अस्पताल र अर्का दुई जना क्वारेन्टाइनमा छन् । बुधवार तीन जनामा सङ्क्रमण देखिएपछि सङ्क्रमितको सङ्ख्या ५७ पुगेको छ भने पूर्णरुपमा स्वस्थ भएर १६ घर फर्किएका छन् ।

### ५७ हजारमा संक्रमण

अहिलेसम्म कोभिड-१९ को परीक्षण ५७ हजार १८९ मा गरिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका सहप्रवक्ता डा विकास देवकोटाले पिसिआरबाट ११ हजार ५२४ र र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडिटी) बाट ४५ हजार ६६५ मा परीक्षण गरिएको बताए ।

उनका अनुसार विगत २४ घण्टामा दुई हजार ३६७ को कोभिड-१९ परीक्षण गरिएको छ । प्रदेश नं १ मा चार हजार ८४१, प्रदेश नं २ मा पाँच हजार २९८, वाग्मती प्रदेशमा आठ हजार २१७, गण्डकी प्रदेशमा पाँच हजार ३४३, प्रदेश नं ५ मा तीन हजार ६७१, कर्णाली प्रदेशमा पाँच हजार २६९ र सुदूरपश्चिम प्रदेशमा १२ हजार ९८६ को परीक्षण गरिएको छ ।

२२ हजार ९०१ जना क्वारेन्टाइनमा बसेका छन्। मन्त्रालयका प्रवक्ता डा देवकोटाका अनुसार प्रदेश नं १ मा दुई हजार ४७८, प्रदेश नं २ मा एक हजार ४०४, वाग्मती प्रदेशमा ६११, गण्डकी प्रदेशमा ६९४, प्रदेश नं ५ मा १२ हजार ५१५, कर्णाली प्रदेशमा तीन हजार ९६३ र सुदूरपश्चिम प्रदेशमा एक हजार २३६ जना क्वारेन्टाइनमा बसेका छन् ।

टेकुस्थित राष्ट्रिय प्रयोगशालामा परीक्षणका क्रममा नयाँ तीन जनामा कोभिड-१९ को सङ्क्रमण देखिएको छ । पर्साका ४६ र बाराका ४३ र ३१ वर्षीय पुरुषमा सङ्क्रमण देखिएको हो । सङ्क्रमितको अहिले वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ । अहिले ४१ जना उपचाररत रहेका छन् ।

यसभन्दा अगाडि एकजनाको सङ्क्रमण देखिएको भनिएको ती पुराना सङ्क्रमण नै रहेको मन्त्रालयका प्रवक्ता डा देवकोटाले जानकारी दिए । “ती पुराना बिरामी हुन् । उनको आज परीक्षणको क्रममा पोजेटिभ देखिएको मात्र हो” उनले भने, “त्यसैले आज तीन जनामा मात्र सङ्क्रमण देखिएको हो ।”

८७ जना आइसोलेशनमा रहेका छन् भने स्वपरीक्षण गर्दा आज एक जना गरी अहिलेसम्म ३१० जना ‘रेड जोन’मा रहेका छन् । यसैगरी मन्त्रालयले कोभिड-१९ को उपचार घरमा गर्नका लागि आयुर्वेदिक तथा वैकल्पिक चिकित्सासम्बन्धी निर्देशिका जारी गरेको प्रवक्ता डा देवकोटाले जानकारी दिए ।

# बजेट अधिवेशन आह्वान गर्ने तयारी

**काठमाडौं/मस–** सरकारले संघीय संसदको बजेट अधिवेशन आह्वान गर्ने तयारी गरेको छ । बजेट अधिवेशन बोलाउने तयारीका लागि बुधबार प्रधानमन्त्री केपी शर्मा ओली संघीय संसद भवनमा रहेको बैठक कक्षको अवलोकन गर्न पुगे । कोरोना भाइरस (कोभिड-१९) संक्रमणको जोखिम रहेको र यो अवस्थामा बैठक आह्वान गर्न सम्भव छ या छैन र कसरी गर्न सकिन्छ भन्ने विषयमा जानकारी लिन प्रधानमन्त्री ओलीले बैठक कक्षको अवलोकन गरेको संघीय संसद सचिवालयका सहप्रवक्ता दशरथ धमलाले बताए ।

प्रधानमन्त्री ओलीले प्रतिनिधिसभाका सभामुख र राष्ट्रिय सभाका अध्यक्षसँगको परामर्शपछि स्थलगत अवलोकन गरेका उनले बताए । बजेट अधिवेशन आह्वान गर्ने तयारी सरकारले गरेपछि सचिवालयले पनि कोभिड-१९ को रोकथामका लागि अपनाउनुपर्ने व्यवस्थाको तयारीलाई तिब्रता दिएको छ ।



कोभिड-१९को जोखिमकाबीच सामाजिक दुरी कायम गर्दै स्वास्थ्यको दृष्टिले अपनाउने विषयमा ध्यान दिइएको सहप्रवक्ता धमलाले बताए । त्यसका लागि सदस्यहरुको बसाइ एउटा सिट अल्टरनेट गर्ने, संयुक्त बैठकका लागि थप सिटहरु थप्ने लगायतको काम भइरहेको उनले बताए ।

त्यस्तै संसद भवनमा प्रवेश गर्दा डिसइन्फेक्सन गेट राख्ने, ज्वरो नाप्ने व्यवस्था गरिने तथा स्यानिटाइजरको प्रयोग गर्ने तयारी भइरहेको उनले बताए । बैठक कक्षभित्र पनि स्वास्थ्यको दृष्टिकोणले सावधानी अपनाइने उनले बताए ।

१५ जेठमा बजेट ल्याउनुपर्ने व्यवस्था संविधानमा छ । त्यसअघि नीति तथा कार्यक्रम, प्रि बजेट लगायतका विषयमा समेत संसदमा छलफल हुनुपर्छ । त्यसैले लामो समयको लकडाउनका कारण समय कम भएकाले छिटो भन्दा छिटो अधिवेशन आह्वान गर्ने तयारीमा सरकार छ । सम्भवत: जेठको पहिलो साता अधिवेशन शुरु गर्ने तयारी सरकारले गरिरहेको छ । बजेट अधिवेशनको शुरु र अन्त्य सरकारको सिफारिसमा राष्ट्रपतिबाट हुने संवैधानिक व्यवस्था रहेको छ ।

प्रधानमन्त्रीसँग अवलोकनमा सभामुख अग्निप्रसाद सापकोटा, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना र कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा शिवमाया तुम्बाहाङ्फे थिए । यसैबीच, प्रधानमन्त्री ओली र सभामुख सापकोटाबीच प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा आगामी अधिवेशन आह्वानलगायत विषयमा विचार विमर्श भएको संघीय संसद् सचिवालयका कार्यवाहक महासचिव गोपालनाथ योगीले जानकारी दिए।

राष्ट्रपतिबाट यस अधिवेशनमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत हुन्छ । नेपाल सरकारका अर्थमन्त्रीले हरेक आवका लागि राजश्व र व्ययको अनुमान (बजेट) प्रत्येक वर्ष जेठको १५ गते संघीय संसद्मा पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ । बजेट प्रस्तुत गर्नु १५ दिनअघि प्रि-बजेट छलफलका लागि संसद्को बैठक बस्नुपर्ने कानूनी व्यवस्था छ। बजेटअघि नीति तथा कार्यक्रम प्रस्तुत हुन्छ । बर्खे अधिवेशनलाई बजेट अधिवेशन पनि भनिन्छ ।

# परराष्ट्रमन्त्रीद्वारा गृह जिल्लामा सहयोग



**काठमाडौं/मस–** परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले आफ्नो गृह जिल्ला गुल्मीका लागि रु १० लाख बराबरका विभिन्न स्वास्थ्य सामग्री पठाएका छन् । जिल्लामा थर्मल गन, पीपीई, गाउनलगायत अत्यावश्यक सामग्री माग भएपछि मन्त्री ज्ञवालीले उनका स्वकीय सचिव जंग नेपालीमार्फत जिल्ला प्रशासन कार्यालयमा हस्तान्तरण गरेका छन्।

गुल्मी क्षेत्र नम्बर १ का संघीय सांसद ज्ञवालीले पठाएको सम्पूर्ण स्वास्थ्य सामग्री प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्माले जिल्लाका सबै गाउँपालिका र नगरपालिका प्रमुखलाई बुधबार हस्तान्तरण गरेका छन् । प्रजिअ शर्माले जिल्लामा थर्मल गन, मेडिकल पिपिई, गाउनलगायत सामग्रीको माग भइरहेका अवस्थामा जिल्लावासीको भावना र स्वास्थ्य समस्यालाई मन्त्री ज्ञवालीले सम्बोधन गरेकामा धन्यवाद ज्ञापन गरे ।

परराष्ट्रमन्त्रीद्वारा उपलब्ध गराइएका स्वास्थ्य सामग्रीमा थर्मल गन ६५ थान, पिपिई ३७ थान, गाउन ४० थान, पञ्जा नौ सय थान, एन -९५ मास्क २१० थान, सर्जिकल मास्क चौध हजार दुई सय थान, सेनिटाइजर ७८ लिटर तथा स्प्रे, क्यापलगायत छन् ।

यसअघि गुल्मी क्षेत्र नम्बर २ का सङ्घीय सांसद गोकर्ण विष्टले जिल्लामा तीन सय थान पीपीई उपलब्ध गराएका थिए ।

# अमेरिकामा कोरोनाबाट १५ नेपालीको मृत्यु

**काठमाडौं/रासस–** अमेरिकामा कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट मंगलबार एक नेपालीको मृत्यु भएको छ । मृत्यु हुनेमा अमेरिकाको भर्जिनिया राज्यमा बस्दै आएका महेश पन्थी रहेका छन् । बिरामी भएर गत चैत २६ (अप्रिल ८ तारिख) गते उनी अस्पतालमा भर्ना भएका थिए । उनीसमेत गरी अमेरिकामा मृत्यु हुने नेपालीको संख्या १५ पुगेको छ । तीमध्ये न्यूयोर्कमा १२, कोलोराडोमा दुई र भर्जिनियामा एक जना रहेका छन् ।

मेरिल्याण्ड राज्यका विधायक ह्यारी भण्डारीले दिएको जानकारीअनुसार १५ जनामध्ये सबैलाई कोरोना संक्रमित भनेर पुष्टि गर्ने मजबुत आधार त छैन, तर कोरोना संक्रमणका कारण मनोवैज्ञानिक त्रासले केही नेपालीको हृदयघातका कारणले पनि मृत्यु भएको देखिन्छ ।

### सच्याइएको बारे

मिति २०७७/०१/१६ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित विग एग्रीकल्चर प्रा.लि. हेलम्बु-४ गैंटार, सिन्धुपाल्चोकको एकीकृत मोडेल कृषि फार्म विकास तथा विस्तार कार्यक्रम संचालनका लागि सिलबन्दी बोलपत्र सम्बन्धी सूचनाको प्रकाशित भएकोमा उक्त सूचनाको दोस्रो बुलेटमा "बोलपत्र सम्बन्धी सूचना प्रकाशित भएको मितिले ३०औं दिन (२०७७/०२/१४) भित्र बोलपत्र फारम सम्बन्धी आपूर्तीकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले प्रचलित कानुन अनुसारका आवश्यक कागजातका प्रतिलिपि सहित निवेदनका साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम उपलब्ध गराईने छ" भन्ने हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

### शनिबार....

पुगे । पहिलेबाटै ओलीबाट रुस्ट नेता नेपाल र प्रचण्डकै प्रस्तावमा वामदेव गौतमलाई उपाध्यक्ष प्रस्ताव गरियो भने गौतम केन्द्रीय कमिटीकै अनुमोदनमा उपाध्यक्ष बने पनि ।

तिनै गौतमलाई फेरि सचिवालयको बहुमतबाट राष्ट्रियसभामा पठाउने निर्णय भयो । यसपछि भने ओली पूरापुर अल्पमतमा परे । किनभने त्यस अगाडि नै झलनाथ खनाल र नेता नेपाल बीच बरिष्ठ विवाद ओलीले निकालिदिएका थिए, जसकारण ओली विरुद्ध सचिवालयका बहुमत सदस्य एकातिर उभिएका थिए ।

गौतमको साटो युवराज खतिवडालाई नै राष्ट्रियसभामा निरन्तरता दिने ओलीको अडानले नेकपाको विवाद उत्कर्ष तर्फ लग्यो । तर, ओली मिर्गौला प्रत्यारोपनका लागि अस्पताल भर्ना भएपछि विवाद सतहमा आएको थिएन । विश्व नै कोभिड-१९ को महामारीमा फसेकाले नेकपाको विवादमा देखिएको थिएन । तर, प्रधानमन्त्री ओलीले एकाएक वैशाख ८ गते पार्टी विभाजनमा खुकुलो प्रावधान राख्ने व्यवस्था सहित अध्यादेश ल्याए । यसले नेकपाको विवाद उत्कृर्षमा पुग्यो ।

पार्टीभित्र बिना छलफलमा ओलीले अध्यादेश ल्याएको भन्दै बहुमत सचिवालय सदस्य एकातिर उभिए । यतिसम्म कि वैशाख १२ गते गौतम निवास भैसेपाटीमा भएको भेलामा ओली पक्षमा उभिदै आएका महासचिव विष्णुप्रसाद पौडेल समेत पुगे । यसपछि भने नेकपामा संसदीय अंक गणितको अवस्था सिर्जना भएको थियो । प्रचण्ड र नेता नेपाल निकटका २० स्थायी कमिटी सदस्यले हस्ताक्षर संकलन गरी बैठकको माग राखेपछि भने ओलीको सचिवालय बढी संशकित बन्यो । प्रचण्ड र माधव नेपाल मिलेर ओलीलाई प्रधानमन्त्री र अध्यक्षबाटै हटाउने खेल शुरु भएको बुझाइपछि आफ्ना निकटका सांसदहरुलाई काठमाडौं बोलाउने काम गरे ।

### सवा ...

कामदारलाई उद्धार गर्न सक्नुपर्ने सुझाव दिए । अधिवक्ता लुइटेल संलग्न रहेको पिपुल्स फोरमले विभिन्न देशमा रोजगारी गुमाएका नेपाली कामदारहरुलाई उद्धारको माग गर्दै सर्वोच्च अदालतमा दायर गरेको रीटमा अदालतले कोरोना भाइरस (कोभिड-१९) को कारण रोजगारी गुमाउने तथा ज्यान जोखिममा पर्ने अवस्थामा रहेकालाई नेपालमा रहेका नागरिकहरुको स्वास्थ्यको उचित प्रवन्ध गरी उद्धार गर्न अन्तरिम आदेश जारी गरेको थियो ।

उक्त आदेशको उद्देश्य विदेशमा रहेका सबैलाई तत्काल फिर्ता ल्याउने नभई रोजगारी गुमाई समस्यामा परेकाहरुलाई उद्धार गर्ने रहेकोले विदेश जाने कामदारको योगदनका आधारमा बनेको वैदेशिक रोजगार कल्याणकारी कोष परिचालन गरेर कामदारहरुलाई घर फर्काउनुपर्ने माग गरे । उनले वैदेशिक रोजगार बोर्ड मातहत रहेको कोषका अतिरिक्त कोभिड पीडित कामदारको उद्धारका लागि छुट्टै कोष बनाउन पनि आवश्यक रहेको औंल्याए ।

विदेशमा रहेका कामदारहरुको अवस्था बुझ्न नागरिक समाज, ट्रेड यूनियन प्रतिनिधि सञ्चारकर्मी र सरकारी प्रतिनिधि रहेको उच्चस्तरीय संयुक्त संयन्त्र बनाएमा उद्धार तथा राहतमा सहजता हुने भन्दै अधिवक्ता लुइटेलले त्यसतर्फ सोच्न सरकारको ध्यानाकर्षण गरे ।

ट्रेड युनियन काँग्रेसका पूर्व अध्यक्ष लक्ष्मण बस्नेतले खाडी र मलेसियामा रोजगारीमा गएकामात्र नभई भारत गएका कामदार हरुप्रति पनि सरकारको ध्यान जानुपर्ने भन्दै सरकारले आफ्ना निर्णयहरुका आधारमा विदेशमा रहेका नेपालीहरुलाई संकटको घडमा सरकार छ भन्ने प्रत्यभुत गर्न सकनुपर्ने धारणा राखे ।

रोजगारीका लागि विदेश गएका कामदारहरुलाई वैधानिक वा अवैधानिक भनेर विभेद र वर्गिकरण गर्नु अन्याय हुने भन्दै बस्नेतले विदेशमा रहेका सबैलाई विना भेदभाव उद्धार गर्नुपर्ने माग गरे ।

आप्रवासी कामदारहरुका लागि काम गर्ने अर्को संस्था एशिएन फोरमका निलम्बर बरालले विदेशमा रहेका कोरोना पीडित नेपालीहरका लागि सरकारले गरिरहेका कामहरु सकारात्मक भएपनि कामदारहरुले महसुस गर्ने तहमा पर्याप्त नरहेको भन्दै राहत र उद्धारका कामलाई एकीकृती गर्न जरुरी रहेको बताए ।

विदेशमा रहेका कामदारहरुलाई तत्काल फर्काउनु नेपालका लागि जोखिमपूर्ण हुने भन्दै अधिकारकर्मी बरालले नेपाल फर्काउनु अघि सुरक्षित रुपमा घर पुऱ्याउने प्रवन्ध गरिनुपर्नेमा जोड दिए । पत्रकार समाजका सल्लाहकार एवं नागरिक दैनिकका पत्रकार रुद्र खड्काले सञ्चालन गरेको कार्यक्रममा करिब डेढ दर्जन पत्रकारहरुको सहभागिता रहेको थियो ।

कोरोना भाइरस संक्रमणले लकडाउन निम्याएपछि समाजले भिडियो कन्फरेन्स मार्फत सरोकारवालाहरुलाई एकै ठाउँमा ल्याई अन्तरक्रिया गर्दै आएको छ । बुधवारसम्म चार वटा कार्यक्रम गरिसकेको समाजले कोरोना संक्रमणका कारण वैदेशिक रोजगारमा समस्यामा रहेका नेपाली कामदाहरुलाई राहत तथा उद्धारका लागि नियमित रुपमा अन्तरक्रिया कार्यक्रम जारी राख्ने बताएको छ ।


**प्रदेश सरकार**
**प्रदेश नं ५**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, गुल्मी**

## वोलपत्र तथा शिलबन्दी दरभाउपत्र स्वीकृति सम्वन्धी आशयको सूचना

प्रकाशन मिति २०७७।०१।१८

यस डिभिजन कार्यालय अन्तर्गत तपशिल बमोजिमका सिंचाइ योजनाहरुको निर्माण कार्यको लागि मिति २०७६/१०/२१ र २०७६/१०/२६ गते "प्रभाव राष्ट्रिय दैनिक" मा प्रकाशित वोलपत्र आव्हानका सूचनाहरु तथा मिति २०७६।११।०८ गते "लुम्बिनि दैनिक" मा प्रकाशित शिलबन्दी दरभाउपत्र आव्हानको सूचनामा उल्लेख भए बमोजिम म्याद भित्र दर्ता हुन आएका वोलपत्र र शिलबन्दी दरभाउपत्रहरु मध्ये न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्र र शिलबन्दी दरभाउपत्रहरु तपशिल वमोजिम भएकोले बोलपत्रहरुको हकमा सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम तथा शिलबन्दि दरभाउपत्रहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम १० बमोजिम सम्बन्धित सबै वोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ । उल्लेखित छनौटका सम्बन्धमा अन्य बोलपत्रदाताहरुको कुनै गुनासो भए यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र कार्यालयमा लिखित निवेदन दिन सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| सि. नं. | ठेक्का नं. | कार्यको बिवरण तथा ठेगाना | छनौट भएका वोलपत्रदाताको नाम, ठेगाना | कवोल अंक (प्रोभिजनल सम र भ्याट समेत) |
|---|---|---|---|---|
| 1 | WRIDDO-Gulmi/Chaurasi Phant-1/NCB-01-076/77 | Construction of Intake, Canal & Related Structures of Chaurasi Phant IP, Isma-6, Gulmi (Package-1) | Moodely-Gulmeli-One Direction J.V Tamghas 4 Gulmi | NRs. 84,87,797.10 |
| 2 | WRIDDO-Gulmi/Chaurasi Phant-2/NCB-02-076/77 | Construction of Intake, Canal & Related Structures of Chaurasi Phant IP, Isma-6, Gulmi (Package-2) | Tara Laxmi Nirman Sewa, Dubiuchaur-7, Gulmi | NRs. 77,07,809.43 |
| 3 | WRIDDO-Gulmi/Chaurasi Phant-3/NCB-03-076/77 | Construction of Intake, Canal & Related Structures of Chaurasi Phant IP, Isma-6, Gulmi (Package-3) | Tara Laxmi Nirman Sewa, Dubiuchaur-7, Gulmi | NRs. 78,87,594.19 |
| 4 | WRIDDO-Gulmi/Chaurasi Phant-4/NCB-04-076/77 | Construction of Intake, Canal & Related Structures of Chaurasi Phant IP, Isma-6, Gulmi (Package-4) | Suryadaya Construction, Badagaun-5, Gulmi | NRs. 71,30,475.76 |
| 5 | WRIDDO-Gulmi/Gantari-1/NCB-05-076/77 | Construction of Intake, Canal & Related Structures of Gantari IP, Dhurkot-5, Gulmi (Package-1) | Ranjit Ranjan Construction Pvt. Ltd. Resunga-01, Gulmi | NRs. 88,88,177.74 |
| 6 | WRIDDO-Gulmi/Gantari-2/NCB-06-076/77 | Construction of Intake, Canal & Related Structures of Gantari IP, Dhurkot-5, Gulmi (Package-2) | Jogma Builders, Resunga-1, Tamghas, Gulmi | NRs. 60,60,371.03 |
| 7 | WRIDDO-Gulmi/ Aslewa/NCB-07-076/77 | Construction of Canal & Related Structures of Aslewa Chaurphant IP, Satyawati-1, Gulmi | Danu Construction Firm, Juniya-4, Gulmi | NRs. 69,63,677.79 |
| 8 | WRIDDO-Gulmi/ Chehemi/NCB-08-076/77 | Construction of Canal & Related Structures of Chehemi IP, Satyawati-3, Gulmi | Tara Laxmi Nirman Sewa, Dubiuchaur-7, Gulmi | NRs. 89,73,434.48 |
| 9 | WRIDDO-Gulmi/Thulo chekmi/NCB-10-076/77 | Construction of Earthen Dam, Reservoir tank, GI and HDPE pipeline and associated structures of Thulo Chekmi Lift IP, Resunga-6, Gulmi | Puspanjali Nirman Sewa, Tansen-09, Palpa | NRs. 69,48,547.02 |
| 10 | WRIDDO-Gulmi/ Daramkhola/NCB-11-076/77 | Construction of Reservoir tank, HDPE pipeline and associated structures of Daram Khola Wami Lift IP, Musikot-7, Gulmi | Arjun Builders and Construction Pvt.Ltd., Resunga-10, Gulmi | NRs. 41,69,039.32 |
| 11 | WRIDDO-Gulmi/Chhaldi-1/SQ-06-076/77 | Construction of gabion protection works at Malika-8 & Madane-3, Alxing, Gulmi | Rocket Builders, Tansen-09, Palpa | NRs. 8,50,431.67 |
| 12 | WRIDDO-Gulmi/ Badigad-1/SQ-07-076/77 | Construction of gabion protection works at Satyawati-1, Rudrabeni, Gulmi | Puspanjali Nirman Sewa, Tansen-09, Palpa | NRs. 14,09,841.56 |
| 13 | WRIDDO-Gulmi/ Badigad-4/SQ-10-076/77 | Construction of gabion protection works at Musikot-5, Gulmi | Shrestha Construction Sewa, Tamghas, Gulmi | NRs. 12,81,316.60 |

(डिभिजन प्रमुख)



# Khandbari Municipality
## Office of The Municipal Executive
Khandbari, Sankhuwasabha
Province No.1

## Invitation for Bids

Date of Publication: 2077/01/18

1. Khandbari Municipality, Sankhuwasabha invites electronic bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (Without Vat) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs.(Not refundable) |
|---|---|---|---|---|
| NCB-26/076/077 | Procurement of Sanitary Pad | 26,54,830.50 | 75,000.00 | 3,000.00 |

2. Details of Bid:

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Purchase of Bid | Opening of Bid | Deadline for Submission of Bid | Type of Biding |
|---|---|---|---|---|---|---|
| Procurement of Sanitary Pad (NCB-26/076/077) | 90 Days after bid opening (2077/05/12) | 30 days beyond Bid Validity Period ( 2077/06/11) | 2077/02/16 During Office Hour | 2077/02/17, 13:00 Hrs | 2077/02/17, 12:00 Hrs. | Electronic Bid Only(may be download / submitted through PPMO's egp System www.bolpatra.gov.np/egp. |

3. For Further Detailsbidders are requested visit website ***www.khandbarimun.gov.np*** or notice board of KhandbariMunicipality Office or may visit PPMO egp system ***www.bolpatra.gov.np/egp.***
4. Information to deposit the cost of bidding document in Bank:
   ***Name of the Bank: RastriyaBanijya Bank, Branch Office, Sankhuwasabha***
   ***Name of Office: Khandbari Municipality Office***
   ***Office Code Number: 365-05-11***
   ***Office Account Number: 2080304018102 (SanchitKosh)***
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# एन्फाको समिति गठन




**मध्यान्ह/संवाददाता**
काठमाडौं, १७ वैशाख

अखिल नेपाल फुटबल संघ एन्फाले विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसबाट प्रभावितलाई सहयोग गर्न तीन सदस्य रहेको समिति गठन गरेको छ।

एन्फाले स्वास्थ्य समितिका संयोजक रहेका रत्न कुमार श्रेष्ठको संयोजकत्वमा ३ सदस्सीय समिति गठन गरेको जनाइएको छ।

एन्फाले खेलाडी, प्रशिक्षक, रेफ्री तथा फुटबलकर्मीलाई राहत तथा सहयोग गर्न लागेको हो। समितिको सदस्यमा उतम कुमार भण्डारी र रुपेश अधिकारी रहेका छन्।

एन्फाले समितिलाई पाँच दिन भित्र संकटग्रस्त खेलाडी, जिल्ला, क्लब, प्रशिक्षक तथा रेफ्रीहरुको पहिचान गरेर सचिवालयमा पेश गर्ने समय दिएको छ।

भिडियो कन्फरेन्स मार्फत बसेको एन्फा पदाधिकारीको बैठकले राहत तथा सहयोग समन्वय समिति गठन गरेको हो।

समितिले कोरोना प्रभावित जिल्ला संघ, ए बी र सी डिभिजन क्लब, खेलाडी, प्रशिक्षक, रेफ्री तथा महिला संघहरुको सूची तयार गर्नेछ। जसको आधारमा एन्फाले सहयोग गर्ने जनाएको छ।

विश्व फुटबल महासंघ फिफाले गत एन्फालाई ५ लाख अमेरिकी डलर सहयोग उपलब्ध गराउने घोषणा गरेको छ। कोरोनाको कारण अहिले नेपाली खेलकुद ठप्प रहेको छ। जारी बी डिभिजन लिग समेत अनिश्चितकालका लागि स्थगित भएको छ।

# एनटीएको राहतवितरण जारी



**काठमाडौं, मस–** कोरोना भाइरस (कोभिड १९) का कारण उत्पन्न असहज परिस्थितिबाट मारमा परेका विभिन्नवर्गका परिवारलाई नेप्लिज तेक्वान्दो एकेडेमी (एनटीए) ले राहतवितरणको कार्य जारी राखेको छ।

कोरोना भाइरसका कारणमुलुकमालकडाउनलागू भएपछिहालसम्मएनटीएले करिब १ सय ५६ परिवारलाई राहत स्वरुपखाद्य सामाग्रीवितरण गरिसकेको एनटीएकाअध्यक्षएवं तेक्वान्दोका अन्तर ाष्ट्रियनिर्णायकअशोक खड्काले जनाएकाछन्। उनकाअनुसार कागेश्वरी मनोहरा नगरपालिकाकाविभिन्न ९ वडा, ललितपुर महानगरपालिका, काठमाडौं महानगरपालिका, गोकर्णेश्वर नगरपालिका, बालआश्रम, बृद्धाआश्रममा राहतवितरण गरिएको छ। विपन्न खेलाडीका परिवार, दैनिकज्याला गरी गुजारा चलाउने मजदुर, सुत्केरी, अपाङ्ग र सुकुम्वासीलाई राहतप्रदान गरिएको हो।

त्यस्तै २ स्वास्थ्य चौकी र १ प्रहरी चौकीमा स्वास्थ्य सामाग्रीउपलब्ध गराएको एनटीएले मृगौला रोगबाटपीडित २ जनालाई आर्थिक सहयोग पनिप्रदान गरेको छ। एनटीएसहित स्वदेश तथाविदेशमा रहेका शुभचिन्तकको सहयोगमाकरिब ३ लाख ५० हजार रुपैयाँ बराबरको सामाग्रीउपलब्ध गराइएको खड्काले जानकारी दिए।

# अफगानिस्तानको शान्ति प्रक्रिया जोखिममा



**काबुल, एजेन्सी-** अफगानिस्तानमा जारी युद्ध अन्त्य गर्ने उपायस्वरूप दुई महिना अघि संयुक्तराज्य अमेरिका र अफगानिस्तानको विद्रोही समूह तालिबानबीच सम्झौता भए पनि अहिले अफगानिस्तानभित्र हिंसात्मक घटना बढ्न थालेका छन्। विज्ञहरूका अनुसार कमजोर शान्ति प्रक्रिया नै भङ्ग हुने खतरा निम्त्याउने किसिमबाट अहिले देशभर हिंसात्मक घटना भइरहेका छन्।

सरकार र विद्रोही दुबै पक्षले कारबाही पुनः प्रारम्भ गरेकाले दिनहुँ दर्जनौं सैनिक र तालिबान लडाकूहरूको मृत्यु भइरहेको छ। यी आक्रमणका कारण सर्वसाधारणको पनि मृत्यु भइरहेको छ।

अफगान मामिलाका जानकारहरू अमेरिकासँगको शान्ति सम्झौताले तालिबान लडाकूहरूलाई धेरै छुट दिएकाले पनि तालिबानी समूह बढी उत्साहित भएको बताउँछन्। यही सम्झौताको आडमा हालैका हप्ताहरूमा तालिबानी समूहले सरकारी फौजमाथि आक्रमणका घटना बढाएका छन्।

राजधानी काबुल सहित देशका विभिन्न भागमा कोरोनाभाइरस फैलिएर संकट चुलिँदै गएको अवस्थामा तालिबान समूहको आक्रमणले सरकारमाथि अर्को चुनौती थपिएको छ।

ओभरसिज डेभलपमेन्ट इन्स्टिच्यूटका अनुसन्धाता आश्ले ज्याक्सनले शान्ति प्रक्रिया अझै मृत अवस्थामा पुगी नसकेको बताउँदै तर यो अहिले जीवनमरणको दोसाँधमा पुगेको छ भन्नुभयो।

एक जना अफगानी सरकारी अधिकारीले कतारको दोहामा गत फेब्रुअरी २९ मा अमेरिकासँग शान्ति सम्झौता गरेयता तालिबान समूहले सरकारी फौज विरुद्ध हरेक दिन करिब ५५ वटा आक्रमण गरिरहेको बताए। राष्ट्रसंघीय एक निकायका अनुसार अफगान सुरक्षाफौजले गरेको हवाई र बमबारीबाट ठूलै संख्यामा बालबालिका हताहत भइरहेका जनाएको छ।

विगत १८ वर्षदेखि अफगानिस्तानमा जारी युद्ध अन्त्य गर्ने गरी संयुक्तराज्य अमेरिकासँग भएको शान्ति सम्झौतामा अमेरिकी र अन्य विदेशी सैनिक फिर्ता हुने उल्लेख छ। तर यसको बदलामा तालिबानले युद्धबिराम गर्ने वा हिंसामा कमी ल्याउने भन्ने कुरा प्रष्ट रूपमा उल्लेख छैन।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पटकपटक अमेरिकी सेनालाई जतिसक्दो चाँडो फिर्ता गर्ने बताउँदै आएका छन्। तालिबान समूहले पनि अमेरिकी वा अन्य विदेशी सेनामाथि आक्रमण नगरेको अवस्थामा आफू सुरक्षित हुने र अफगान सैनिकमाथि हुने निरन्तरको आक्रमणबाट आफूहरूलाई खासै क्षति नहुने अनुमान गरेको छ।

काबुलस्थित रणनीति तथा सुरक्षा विज्ञ निशंक मोतवानीले दोहा सम्झौताले तालिबान समूहलाई बैधानिक शक्तिको रूपमा मान्यता दिएको बताए।

तालिबानसँगको अमेरिकी सम्झौताको अर्थ हो, तालिबान समूहका अघिल्तिरको अस्पष्ट सुरक्षा प्रतिबद्धता। अफगानिस्तानमा सक्रिय अलकायदा र अरु जिहादी समूहलाई तालिबान समूहले नियन्त्रण गर्ने विश्वास मात्र गरिएको छ। सम्झौतामा सन् २०२१ को जुलाईसम्ममा अमेरिकी समेत सबै विदेशी सेना अफगानिस्तानबाट विदा भइसक्ने उल्लेख छ। यो प्रक्रिया पहिल्यै शुरु भइसकेको छ।

अमेरिकन इन्टरप्राइज इन्स्टिच्यूटका प्रबुद्ध व्यक्ति माइकल रुबिनका अनुसार राष्ट्रपति ट्रम्प आफ्ना सैनिक जसरी पनि अफगानिस्तानबाट फिर्ता गर्ने योजनामा रहनु भएकाले हिंसालाई निरन्तरता दिन तालिबान स्वतन्त्र रहेको छ। अमेरिकी प्रत्याक्रमण नहुने अवस्थामा यी हिंसात्मक घटनामा तालिबानको क्षति विगतको भन्दा कम हुनेछ।

अमेरिका र तालिबानबीच बन्दी रिहाई जस्तो कमजोर सम्झौता पनि भएको थियो जसमा दुबै पक्षका मध्यस्थकर्ताले अफगान सरकारलाई बिल्कुलै अलग राखिएका थिए। यो सम्झौतामा राष्ट्रपति असरफ घानीले ५००० तालिबानी कैदीबन्दीलाई रिहा गर्नुपर्ने शर्त थियो। यसको बदलामा तालिबान समूहले एक हजार अफगानी सुरक्षाफौजका सदस्य मुक्त गर्ने सम्झौतामा उल्लेख छ। यो कैदीबन्दी आदानप्रदान गर्ने सम्झौता गत मार्च १० भित्रै सम्पन्न गरिसक्ने उल्लेख थियो। कैदीबन्दी मुक्त भएपछि अफगान सरकार र तालिबान समूहबीच शान्ति वार्ता गरिने पनि सम्झौतामा उल्लेख छ।

तालिबानी समूहको एक स्रोतले कैदीबन्दी मुक्त नहुँदासम्म आफूहरूले हिंसात्मक कारबाही रोक्ने सम्भावना नरहेको बताएको छ। उक्त स्रोतले कैदी मुक्त नगरिए अफगान सरकारसँग वार्ता पनि नहुने स्पष्ट गरेको छ।

"घानी सरकारले हाम्रो धैर्यताको परीक्षण लिइरहेको छ तर हामी उनीहरूलाई भन्न चाहन्छौं कि हामी थाकेका छैनौं, हामी अझै फुर्तिला भएका छौं र युद्ध लड्न तम्तयार छौं," तालिबानका एक सदस्यले एएफपीलाई बताए।

विद्रोही पक्षले काबुल र पश्चिमा राष्ट्रहरूले तत्काल युद्धबिरामका लागि गरेको आग्रहको पनि कुनै महत्व नरहेको भन्दै अस्वीकार गरेको छ।

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबेँसी, रसुवा
बागमती प्रदेश, नेपाल

## शीलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७/०१/१८)

चालु आ.व. २०७६/०७७ मा नेपाल सरकार, वित्तीय समानीकरण अनुदान मार्फत आमाछोदिङमो गाउँकार्यपालिकाबाट स्वीकृत तथा गाउँसभाबाट अनुमोदित यस गाउँपालिका अन्तर्गत निम्न बमोजिमका निर्माण कार्य ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकाले निर्माण सम्बन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही रीतपूर्वकको शीलबन्दी बोलपत्र सम्बन्धी यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

**तपशिल**

०१. बोलपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व.२०७६/०७७ का लागि नवीकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर (पान) प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिन मिति २०७७/०२/१५ गते दिनको ५:०० बजेभित्रसम्म सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ४८ को उपनियम १ बमोजिमको तपसिलमा उल्लेख भए बमोजिम बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नुहने गरी) कुमारी बैंक, आमाछोदिङमो शाखा, थाम्बुचेत, चिलिमे, रसुवा शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं.०८०००३९७२८१०००५ मा दाखिला गरी सक्कलै भौचर सहित यस कार्यालयको योजना शाखाबाट बोलपत्र सम्बन्धी कागजात (Bid Document) खरिद गर्न सकिनेछ।

०२. बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने निर्माण व्यवसायीको तर्फबाट प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकेमा रीतपूर्वकको आधिकारिक अख्तियारी पेश गरेमा मात्र बोलपत्र खरिद गर्न सकिनेछ तर एउटा आधिकारिक अख्तियारी एक व्यक्ति एक निर्माण व्यवसायीको लागि मात्र मान्य हुनेछ। त्यस्तो आधिकारिक अख्तियारी औचित्यता र विवेकसम्मत भए नभएको हेरी कार्यालयले जुनसुकै समयमा पनि रद्द गर्न सक्नेछ।

०३. खरिद गरिएका बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु अध्ययन गरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप सहित आर्थिक प्रस्ताव तथा प्राविधिक प्रस्ताव छुट्टा छुट्टै खाममा शीलबन्दी गरी उपरोक्त आर्थिक तथा प्राविधिक दुवै प्रस्तावहरु एउटै खामभित्र राखी पुन: शीलबन्दी गरी खाम बाहिर फर्मको नाम, पूरा ठेगाना र कामको नाम समेत प्रस्टसँग लेखी ३१ औं दिन मिति २०७७/०२/१६ गते अपरान्ह १२:०० बजेभित्र सम्म यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ। यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे यसै गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित बोलपत्रदाताहरु व निजको आधिकारिक प्रतिनिधिको उपस्थिति रोहबरमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजको आधिकारिक प्रतिनिधिको उपस्थिति रोहबर नरहेमा पनि उक्त दिनको उक्त समयमा बोलपत्र खोल्न कुने बाधा पर्ने छैन। उक्त समयमा खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

०४. शीलबन्दी बोलपत्रसाथ सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ५३ को उपनियम १ बमोजिमको तपसिलमा उल्लेख भए बमोजिम बोलपत्र जमानत रकम वा धरौटी रकममा नघटाई कुमारी बैंक, आमाछोदिङमो शाखा, थाम्बुचेत, चिलिमे, रसुवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं.०८०००३९७२८१०००३ मा दाखिला गरी सोको सक्कलै भौचर सहित वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बिडबन्ड (बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन म्याद भएको) पेश गर्नु पर्नेछ। कुनै पनि बचत तथा ऋण सहकारी संस्था वा फाइनाइन्स कम्पनी लिमिटेडबाट जारी भएको बिडबन्ड यस कार्यको लागि मान्य हुने छैन।

०५. बोलपत्र स्वीकृत भएपछि ठेक्का अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस गाउँ कार्यपालिकाको कार्यालयको धरौटी खाता नं.०८०००३९७२८१०००३ मा दाखिला गरी सोको सक्कलै भौचर सहित वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बिडबन्ड (बोलपत्र खोलेको मितिले कम्तिमा दुई वर्ष सम्मको म्याद भएको) कार्य सम्पादन जमानत पत्र (Performance Bond) पेश गर्नु पर्नेछ। कुनै पनि बचत तथा ऋण सहकारी संस्था वा फाइनाइन्स कम्पनी लिमिटेडबाट जारी भएको बिडबन्ड यस कार्यको लागि मान्य हुने छैन।

०६. सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम सबैभन्दा न्यूनतम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताले ल.ई.अङ्कको वा कुनै पनि आइटममा अत्यधिक मात्रामा घटी बोलकबोल सकार गरेमा थप ८ (आठ) प्रतिशत धरौटी लिई सम्झौता गरिनेछ।

०७. बोलपत्र फाराममा भ्याट (VAT) सहितको दररेटहरु अङ्क र अक्षरमा उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिइनेछ। कबोल अङ्क निकाल्दा दर र परिमाणको गुणनफल कायम गर्दा दशमलव पछिको दुई अङ्कलाई मान्यता दिइनेछ।

०८. बोलपत्र शर्तरहित साथै यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ। त्यसरी लेखी आएमा सोलाई मान्यता दिइने छैन। बोलपत्र दर्ता गर्ने निर्माण व्यवसायीहरुले सम्पन्न गर्नु पर्ने कामको विवरण, निर्माण स्थल, भौगोलिक अवस्था आदि सबै पक्षमा सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ५१ को उपनियम १ बमोजिम राम्रोसँग बुझी बोलपत्र भरेको मानिनेछ।

०९. संयुक्त उपक्रम (Joint Venture) मा काम गर्ने निर्माण व्यवसायीहरुले संयुक्त लगानी सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। संयुक्त उपक्रममा साझेदारहरुको सङ्ख्या ३ (तीन) भन्दा बढी भएमा बोलपत्र स्वीकार्य हुने छैन। संयुक्त उपक्रमको माध्यमबाट निर्माण कार्य गर्न इच्छुक बोलपत्रदाताले बोलपत्र खरिद गर्दा वा दर्ता गराउँदा अनिवार्य रुपमा संयुक्त उपक्रमको शेयर खुलेको सक्कल सम्झौतापत्र पेश गर्नु पर्नेछ। बोलपत्र खरिद एवम् दर्ता गर्ने समयमा निवेदन साथ पेश भएको अधिकार पत्र (Power of Attorney) र जे.भि.को सम्झौतापत्रमा अनिवार्य रुपमा प्रोप्राइटरहरुको सक्कलै सहीछाप भएको हुनु पर्नेछ।

१०. संयुक्त उपक्रममा भाग लिएका अग्रणी हिस्सेदार (Lead Partner) ले सम्झौताको समयमा अनिवार्य रुपमा कार्यालयमा उपस्थित भई सम्झौता गर्नु पर्नेछ। संयुक्त उपक्रममा भाग लिएका अग्रणी हिस्सेदारले काम लिइसकेपछि अरुलाई अख्तियारी दिई काम छाड्न पाइने छैन। स्वयम् आफैंले कार्य सम्पन्न गर्नु पर्नेछ।

११. तपसिलमा उल्लेखित निर्माण कार्यका लागि चाहिने जनशक्तिको हकमा सिभिल इन्जिनियर जना १ (एक), सिभिल सव-इन्जिनियर जना २ (दुई), सुपरभाइजर जना १ (एक), लेखापाल जना १ (एक) तथा जे.भि. भए सोको हिस्सेदार (J.V. Partner) का लागि सिभिल इन्जिनियर जना १ (एक), सिभिल सव-इन्जिनियर जना १ (एक), सुपरभाइजर जना १ (एक) एवम् उपकरणको हकमा थियोडोलाइट वा लेभल मेसिन १ (एक), कङ्क्रिट मिक्चर १ (एक), भाइब्रेटर १ (एक), वाटर पम्प १ (एक), ट्रक वा ट्रिपर १ (एक), एक्साभेटर १ (एक) र ब्याक ह्वो लोडर १ (एक) आवश्यक रहेकोले सोसँग सम्बन्धित आवश्यक कागजातहरु प्राविधिक प्रस्तावसँगै पेश गर्नु पर्नेछ।

१२. बोलपत्र दाखिला गर्दा प्राविधिक प्रस्तावसँग सम्बन्धित तपसिलमा उल्लेख भए बमोजिमका विवरणहरु खलेका आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। संयुक्त उपक्रममा काम गर्ने निर्माण व्यवसायी मध्ये प्रत्येक हिस्सेदार (J.V. Partner) ले समेत तपसिलमा उल्लेख भए बमोजिमकै न्यूनतम योग्यता अनिवार्य रुपमा पूरा गर्नु पर्नेछ। संयुक्त उपक्रमका माध्यमबाट बोलपत्रमा भाग लिने प्रत्येक हिस्सेदारको योग्यताको आधारहरु नपुगेमा बोलपत्र रीत नपुगेको मानिनेछ।

१३. बोलपत्रको बिड डकुमेन्ट, स्पेसिफिकेसन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्बन्धी कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय वा प्रसङ्गले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन। नेपाल सरकारको प्रचलित नियम कानुन र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ।

१४. बोलपत्र सम्बन्धी विस्तृत जानकारीका लागि प्रि-बिड मिटिङ (बोलपत्र पेश गर्नु पूर्वको बैठक) सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ५२ बमोजिम यस कार्यालयले आवश्यक ठानेमा हुन सक्नेछ।

१५. बोलपत्रदाताले दर्ता गराएको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ५८ को उपनियम २, ३, ४, ५ र ६ बमोजिम बोलपत्र पेश गर्ने अन्तिम मिति वा समय भुक्तान हुनुभन्दा चौबिस घण्टा अगावै फिर्ता वा संशोधन मध्ये के गर्न चाहेको हो सो स्पष्ट उल्लेख गरिएको लिखित सूचना सहितको शीलबन्दी निवेदन यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। त्यस्तो सूचनामा दस्तखत गर्ने व्यक्तिको रीतपूर्वकको अधिकारपत्र समेत अनिवार्य रुपमा संलग्न रहेको हुनु पर्नेछ।

१६. रीत नपुगी वा म्याद नाघी आएको बोलपत्रहरु उपर कुनै कारबाही हुने छैन। बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्न आवश्यक परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

१७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र स्वीकृत भए पश्चात पनि यस कार्यालयले ठोस निर्माण कार्यको आइटम पूर्ण वा आंशिक रुपमा थपघट गर्न सक्नेछ।

१८. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ। यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

**तपसिलः**

| ठेक्का नं. | निर्माण कार्यको नाम र ठेगाना | लागत अनुमान रकम (कन्टिन्जेन्सी र भ्याट समेत) तथा उस्तै प्रकृति (Similar Nature) को काम सम्बन्धी अनुभव रू. | औसत कार्य अनुभव (Turn Over) रू. | आर्थिक क्षमताको विवरण (क्रेडिट लाइन) रू. | बोलपत्र जमानत रकम रू. | बोलपत्र फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| ०३/२०७६/०७७ | गोदामदेखि सामुदायिक भवन सडक स्तरोन्नति, ३ नं. वडा, गत्लाङ | ७८,००,०००।- | १,१७,००,०००।- | १९,५०,०००।- | २,३४,०००।- | ३,०००।- |
| | संयुक्त उपक्रम (J.V. Partner) को लागि आवश्यक योग्यता | १९,५०,०००।- | २९,२५,०००।- | | | |

**प्रमुख प्रशासकीय अधिकृत**

केन्द्रिय तथ्यांक विभागको प्रक्षेपण

## आर्थिक वृद्धि घट्ने, जीडीपीमा कृषि क्षेत्रको योगदान बढ्ने



**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ बैशाख

चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर घट्ने राष्ट्रिय योजना आयोग अन्तर्गतको केन्द्रिय तथ्याङ्क विभागले प्रक्षेपण गरेको छ। विभागले बुधबार एक तथ्यांक सार्वजनिक गर्दै चालु वर्ष आधारभुत मूल्यमा आर्थिक वृद्धि २.२७ प्रतिशत हुने नयाँ संशोधन सार्वजनिक गरेको हो । सरकारले चालु वर्ष साढे ८ प्रतिशत हुने लक्ष्य राखेको थियो ।

'कोभिड(१९ को असर कति अवधिसम्म रहने भन्ने अनुमान गर्न नसकिएपनि चालु वर्षको अनुमान तयार गर्दा होटेल तथा रेष्टुरेन्ट र अन्तर्राष्ट्रिय यातायात क्षेत्र अत्याधिक प्रभावित रहने तथा अन्य क्षेत्रहरु जेठबाट क्रमश नियमित हुने विश्वास गरी अनुमानहरु तयार गरिएको छ' विभागको प्रतिवेदनमा उल्लेख छ। विभागले भने अर्थतन्त्र असामान्य रुपमा प्रभावित भएको उल्लेख गरेको छ।

विभागले गत आर्थिक वर्ष देशको अर्थतन्त्र ६.७५ प्रतिशत भएको संशोधित अनुमान पनि सार्वजनिक गरेको छ। त्यसअघिको वर्ष आर्थिक बृद्ध ६.३५ प्रतिशत थियो । प्राथमिक क्षेत्रको वृद्धि सामान्य बढेको छ । यसभित्र कृषि तथा वन, मत्स्य र खानी तथा उत्खनन् पर्छ। चालु वर्ष यो क्षेत्रले २८.२ प्रतिशत योगदान गरेको प्रारम्भिक अनुमान छ । अघिल्यो वर्षको तुलनामा यस वर्ष वृद्धि २.५४ प्रतिशत छ। धानको उत्पादनमा कमी तथा कोभिड(१९ को महामारीको असरलाई न्यून गर्नका लागि अवलम्बन गरिएको प्रयासबाट आपूर्ति प्रणालीमा आएको रोकावटले गर्द यस क्षेत्रको उत्पादनमा गत वर्षको भन्दा न्यून वृद्धि देखिएको हो ।

द्वितीय क्षेत्रभित्र पर्ने निर्माण, उद्योग र विद्युत, ग्यास तथा पानी क्षेत्रको योगदान १३.७२ प्रतिशत छ। गत वर्षको तुलनामा यसपाली यो क्षेत्रको वृद्धि ३.३६ प्रतिशत हुने विभागको अनुमान छ । सेवा क्षेत्र सबैभन्दा नराम्ररी प्रभावित भएको विभागको बुझाइ छ । यो क्षेत्रभित्र थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, यातायात सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, रियलस्टेट, व्यवसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा ब्यक्तिगत सेवा पर्छ । चालु वर्ष कुल गार्हस्थ्य उत्पादनमा यो क्षेत्रको योगदान ५८.०८ प्रतिशत रहेको छ। अघिल्लो वर्षको तुलनामा यो क्षेत्रको कुल मूल्य अभिवृद्धि दर स्थिर मूल्यमा १.९९ प्रतिशत हुने प्रारम्भिक अनुमान विभागको छ। होटेल तथा रेष्टुरेन्ट तथा हवाइ यातायातमा कोभिड(१९ को महामारीले गर्दा प्रत्यक्ष असर पारेको छ।

चालु वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको २७.६५ तथा गैर कृषि क्षेत्रको ७२.३५ प्रतिशत योगदान रहेको छ । चालु वर्ष जीडीपीमा उद्योग क्षेत्रको योगदान ५.०९ प्रतिशतमा सीमित हुने अनुमान गरिएको छ। अघिल्लो वर्षको तुलनामा यो २.२७ प्रतिशतले कम हो । निर्माण क्षेत्रको वृद्धि दर पनि ऋृणात्मक हुने छ। होटल तथा रेष्टुरेन्टको योगदान १.४१ प्रतिशत छ। यसपाली यस क्षेत्रको वृद्धि दर १६.३ प्रतिशतले ऋृणात्मक हुने छ। यातायात तथा सञ्चार पनि २.४५ प्रतिशतले ऋृणात्मक हुने देखिएको छ ।

स्थिर मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन वृद्धि दर आधारभूत मूल्यमा २.२७ प्रतिशत रहनुका साथै चालु मूल्य अनुसार कुल उत्पादन आधारभूत मूल्यमा ५० खर्ब ९२ अर्ब रहने छ । चालु मूल्य अनुसार कुल मध्यवर्ती उपभोग उपभोक्ताको मूल्य १७ खर्ब ४३ अर्ब रहने छ। चालु मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा ३७ खर्ब ६७ अर्ब र आधारभूत मूल्यमा ३२ खर्ब ९ अर्ब रुपैयाँ हुने छ ।

## लकडाउनले कुखुरा व्यवसाय धरापमा

**सुर्खेत/मस**-लकडाउनले कर्णाली प्रदेशका कुखुरापालक किसान व्यवसाय धरापमा परेका छन् । कुखुरा तथा अण्डा खपतको प्रमुख क्षेत्र नै बन्द भएपछि कुखुरापालक किसानको व्यवसाय डुब्ने अवस्थामा पुगेको हो । सबैभन्दा बढी कुखुरा खपत हुने कर्णाली प्रदेशको राजधानी सुर्खेतका होटल तथा बजार लकडाउनका कारण बन्द भएपछि कुखुरापालक किसानको व्यवसायमा धरापमा परेको कुखुरापालक व्यवसायी सङ्घ सुर्खेतका अध्यक्ष जनक ढकालले राससलाई जानकारी दिए। "लकडाउनले कुखुरा व्यवसायी सकिए भने हुन्छ", अध्यक्ष ढकालले भने, "न दाना र चल्ला आयात गर्न पाइएको छ न त उत्पादित कुखुरा बजारमा बेच्न नै ।"

लकडाउनले विद्यालय, विश्वविद्यालय, सरकारी तथा गैरसरकारी सङ्घसंस्थासहित सिङ्गो खपत क्षेत्र बन्द छ । यो बन्दले यतिबेला कुखुरा व्यवसायी मर्नुपरेको उनले दुखेसो पोख्नुभयो। छिटपुट गाउँ नजिकका कुखुरा उत्पादक किसानले बिक्री गरेपनि पूर्णतः यो व्यवसाय ठप्प भएको उनले बताए। "अण्डा दैनिक करिब ४० हजार बजारमा जान्थ्यो । अहिले त्यो पूर्णरूपले रोकिएको छ । सुर्खेतमै ३०-३२ हजार कुखुरा



उत्पादन हुन्थ्यो । त्यो अवस्थामा निकै गिरावट आएको छ", उनले भने ।

अध्यक्ष ढकालले भने, "एकातिर बजार बन्द र अर्कोतिर सही उपचार नपाएर कुखुरा नष्ट भए । यसबाट यहाँका कुखुरा व्यवसायीले लकडाउनको पाँच हप्तामा रु तीन करोडको घाटा व्यहोर्नुपरेको छ ।" लडकडाउनले निर्वाहमुखी व्यवसाय गरिरहेका यहाँका कुखुरापालक व्यवसायी विस्थापित हुने अवस्थामा पुगेको उहाँको भनाइ थियो ।

राज्यले निर्वाहमुखी व्यवसायलाई व्यावसायिक नबनाउञ्जेलसम्म यहाँका किसानको उन्नति नहुने उहाँको दाबी थियो । अहिले भने कृषि मन्त्रालयको सहजीकरणमा अण्डा तथा मासु बजारमा निर्यात गर्न सहयोग पुगेको उनले जनाउनुभयो । एकसाता अघि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले कर्णाली प्रदेशमा बसेको बैठकले कुखुरा र अण्डाको न्यूनतम लागत मूल्याङ्कन गरी मारमा परेका कुखुरापालक किसानलाई सहयोग गर्ने आश्वासन मिलेको अध्यक्ष ढकालको भनाइ थियो ।

कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसीले लकडाउनले कृषि तथा पशुपक्षीजन्य वस्तु उत्पादक किसानको समस्या समाधानका लागि मन्त्रालयका निमित्त सचिव हरिप्रसाद पण्डित संयोजकत्वको कार्यदल गठन भएको जानकारी दिए । कृषि तथा पशुपक्षी विकास निर्देशनालयमा ऱ्यापिड रेस्पोन्स सेन्टर स्थापना गरेर लकडाउन अवधिमा किसानका तत्कालका समस्या हल गर्दै आएको भन्दै मन्त्री केसीले आगामी वर्षदेखि बाँझो जमिनको उपयोग, व्यावसायिक कृषि केन्द्रित नीति तथा कार्यक्रम ल्याइने बताएका छन् ।

## कोरोना कोषमा ऋषिङ गाउँपालिकाको ५० लाख

**दमौली, रासस-** तनहुँको ऋषिङ गाउँपालिकाले कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि खडा गरेको कोषमा रु ५० लाख बजेट विनियोजन गरेको छ। गाउँ कार्यपालिकाको बैठकले कोरोना कोषमा रकम थप गर्दै रु ५० लाखको कोष खडा गरेको हो ।

गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले यस अगाडि उक्त कोषमा रु पाँच लाख विनियोजन गरिएको भए पनि वार्षिक बजेटबाट रकमान्तर गरी कोरोना कोषमा रकम थप गरिएको जानकारी दिए । कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि खटिने कर्मचारीलाई क्रियाशीलताको आधारमा प्रोत्साहन भत्ता दिने निर्णय गाउँपालिकाले गरेको छ। साथै स्वास्थ्य तथा सुरक्षामा कार्यरत कर्मचारीलाई विपद्मा खटिएवापत तलबमानको आधा हुन आउने रकम बराबर प्रोत्साहन भत्ता उपलब्ध गराइने अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

बन्दाबन्दी भएसँगै गाउँपालिकाले विपन्न तथा असहाय परिवारलाई रु १२ लाख बराबरको खाद्यान्न सामग्री वितरण गरेको जनाएको छ। बन्दाबन्दी लम्बिने अवस्था आएमा गाउँपालिकाले खाद्यान्न प्याकेजको कार्यक्रम ल्याउने सोच बनाएको छ। वैशाख ८ गतेको हावाहुरीले क्षति पुऱ्याएको घरलाई गाउँपालिकाले राहत वितरण गर्ने निर्णय गरेको छ । हावाहुरीले ऋषिङ गाउँपालिका-४ र ५ का विभिन्न ठाउँका १४ घरको छानो उडाएको थियो ।


आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङबैंसी, रसुवा
बागमती प्रदेश, नेपाल

## शीलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७७/०१/१८)

चालु आ.व. २०७६/०७७ मा नेपाल सरकार, वित्तीय समानीकरण अनुदान मार्फत आमाछोदिङमो गाउँकार्यपालिकाबाट स्वीकृत तथा गाउँसभाबाट अनुमोदित यस गाउँपालिका अन्तर्गत निम्न बमोजिमका निर्माण कार्य ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकाले निर्माण सम्बन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही रीतपूर्वकको शीलबन्दी बोलपत्र सम्बन्धी यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

०१. बोलपत्र फाराम खरिद गर्न इच्छुक निर्माण व्यवसायीहरुले सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व.२०७६/०७७ का लागि नवीकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर (पान) प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिन मिति २०७७/०२/१५ गते बेलुका ५:०० बजेभित्रसम्म सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ४८ को उपनियम १ बमोजिमको तपसिलमा उल्लेख भए बमोजिम बोलपत्र फाराम दस्तुर (पछि फिर्ता नुहने गरी) कुमारी बैंक, आमाछोदिङमो शाखा, थाम्बुचेत, चिलिमे, रसुवा शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं.०८०००३९७२८१०००५ मा दाखिला गरी सक्कलै भौचर सहित यस कार्यालयको योजना शाखाबाट बोलपत्र सम्बन्धी कागजात (Bid Document) खरिद गर्न सकिनेछ ।

०२. बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने निर्माण व्यवसायीको तर्फबाट प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकेमा रीतपूर्वकको आधिकारिक अख्तियारी पेश गरेमा मात्र बोलपत्र खरिद गर्न सकिनेछ तर एउटा आधिकारिक अख्तियारी एक व्यक्ति एक निर्माण व्यवसायीको लागि मात्र मान्य हुनेछ । त्यस्तो आधिकारिक अख्तियारी औचित्यता र विवेकसम्मत भए नभएको हेरी कार्यालयले जुनसुकै समयमा पनि रद्द गर्न सक्नेछ ।

०३. खरिद गरिएका बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु अध्ययन गरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप सहित आर्थिक प्रस्ताव तथा प्राविधिक प्रस्ताव छुट्टा छुट्टै खाममा शीलबन्दी गरी उपरोक्त आर्थिक तथा प्राविधिक दुवै प्रस्तावहरु एउटै खामभित्र राखी पुनः शीलबन्दी गरी खाम बाहिर फर्मको नाम, पूरा ठेगाना र कामको नाम समेत प्रस्टसँग लेखी ३१ औं दिन मिति २०७७/०२/१६ गते अपरान्ह १२:०० बजेभित्र सम्म यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ । यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे यसै गाउँ कार्यपालिकाको कार्यालयमा उपस्थित बोलपत्रदाताहरु व निजको आधिकारिक प्रतिनिधिको उपस्थिति रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजको आधिकारिक प्रतिनिधिको उपस्थिति रोहबर नरहेमा पनि उक्त दिनको उक्त समयमा बोलपत्र खोल्न कुने बाधा पर्ने छैन । उक्त समयमा खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा बिक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. शीलबन्दी बोलपत्रसाथ सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ५३ को उपनियम १ बमोजिमको तपसिलमा उल्लेख भए बमोजिम बोलपत्र जमानत रकम वा धरौटी रकममा नघटाई कुमारी बैंक, आमाछोदिङमो शाखा, थाम्बुचेत, चिलिमे, रसुवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं.०८०००३९७२८१०००३ मा दाखिला गरी सोको सक्कलै भौचर सहित वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बिडबन्ड (बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन म्याद भएको) पेश गर्नु पर्नेछ। कुनै पनि बचत तथा ऋृण सहकारी संस्था वा फाइनाइन्स कम्पनी लिमिटेडबाट जारी भएको बिडबन्ड यस कार्यको लागि मान्य हुने छैन ।

०५. बोलपत्र स्वीकृत भएपछि ठेक्का अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस गाउँ कार्यपालिकाको कार्यालयको धरौटी खाता नं.०८०००३९७२८१०००३ मा दाखिला गरी सोको सक्कलै भौचर सहित वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको बिडबन्ड (बोलपत्र खोलेको मितिले कम्तिमा दुई वर्ष सम्मको म्याद भएको) कार्य सम्पादन जमानत पत्र (Performance Bond) पेश गर्नु पर्नेछ । कुनै पनि बचत तथा ऋृण सहकारी संस्था वा फाइनाइन्स कम्पनी लिमिटेडबाट जारी भएको बिडबन्ड यस कार्यको लागि मान्य हुने छैन ।

०६. सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम सबैभन्दा न्यूनतम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताले ल.ई.अङ्कको वा कुनै पनि आइटममा अत्यधिक मात्रामा घटी बोलकबोल सकार गरेमा थप ८ (आठ) प्रतिशत धरौटी लिई सम्झौता गरिनेछ ।

०७. बोलपत्र फाराममा भ्याट (VAT) सहितको दररेटहरु अङ्क र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिइनेछ । कबोल अङ्क निकाल्दा दर र परिमाणको गुणनफल कायम गर्दा दशमलव पछिको दुई अङ्कलाई मान्यता दिइनेछ ।

०८. बोलपत्र शर्तरहित साथै यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । त्यसरी लेखी आएमा सोलाई मान्यता दिइने छैन । बोलपत्र दर्ता गर्ने निर्माण व्यवसायीहरुले सम्पन्न गर्नु पर्ने कामको विवरण, निर्माण स्थल, भौगोलिक अवस्था आदि सबै पक्षमा सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ५१ को उपनियम १ बमोजिम राम्रोसँग बुझी बोलपत्र भरेको मानिनेछ ।

०९. संयुक्त उपक्रम (Joint Venture) मा काम गर्ने निर्माण व्यवसायीहरुले संयुक्त लगानी सम्बन्धी सम्झौताको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । संयुक्त उपक्रममा साझेदारहरुको सङ्ख्या ३ (तीन) भन्दा बढी भएमा बोलपत्र स्वीकार्य हुने छैन । संयुक्त उपक्रमको माध्यमबाट निर्माण कार्य गर्न इच्छुक बोलपत्रदाताले बोलपत्र खरिद गर्दा वा दर्ता गराउँदा अनिवार्य रुपमा संयुक्त उपक्रमको शेयर खुलेको सक्कल सम्झौतापत्र पेश गर्नु पर्नेछ । बोलपत्र खरिद एवम् दर्ता गर्ने समयमा निवेदन साथ पेश भएको अधिकार पत्र (Power of Attorney) र जे.भि.को सम्झौतापत्रमा अनिवार्य रुपमा प्रोप्राइटरहरुको सक्कलै सहीछाप भएको हुनु पर्नेछ ।

१०. संयुक्त उपक्रममा भाग लिएका अग्रणी हिस्सेदार (Lead Partner) ले सम्झौताको समयमा अनिवार्य रुपमा कार्यालयमा उपस्थित भई सम्झौता गर्नु पर्नेछ । संयुक्त उपक्रममा भाग लिएका अग्रणी हिस्सेदारले काम लिइसकेपछि अरुलाई अख्तियारी दिई काम छाड्न पाइने छैन । स्वयम् आफैंले कार्य सम्पन्न गर्नु पर्नेछ ।

११. तपसिलमा उल्लेखित निर्माण कार्यका लागि चाहिने जनशक्तिको हकमा सिभिल इन्जिनियर जना १ (एक), सिभिल सव-इन्जिनियर जना २ (दुई), सुपरभाइजर जना १ (एक), लेखापाल जना १ (एक) तथा जे.भि. भए सोको हिस्सेदार (J.V. Partner) का लागि सिभिल इन्जिनियर जना १ (एक), सिभिल सव-इन्जिनियर जना १ (एक), सुपरभाइजर जना १ (एक) एवम् उपकरणको हकमा थियोडोलाइट वा लेभल मेसिन १ (एक), कङ्क्रिट मिक्चर १ (एक), भाइब्रेटर १ (एक), वाटर पम्प १ (एक) र ट्रक वा ट्रिपर १ (एक) आवश्यक रहेकोले सोसँग सम्बन्धित आवश्यक कागजातहरु प्राविधिक प्रस्तावसँगै पेश गर्नु पर्नेछ ।

१२. बोलपत्र दाखिला गर्दा प्राविधिक प्रस्तावसँग सम्बन्धित तपसिलमा उल्लेख भए बमोजिमका विवरणहरु खलेका आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ। संयुक्त उपक्रममा काम गर्ने निर्माण व्यवसायी मध्ये प्रत्येक हिस्सेदार (J.V. Partner) ले समेत तपसिलमा उल्लेख भए बमोजिमकै न्यूनतम योग्यता अनिवार्य रुपमा पूरा गर्नु पर्नेछ। संयुक्त उपक्रमका माध्यमबाट बोलपत्रमा भाग लिने प्रत्येक हिस्सेदारको योग्यताको आधारहरु नपुगेमा बोलपत्र रीत नपुगेको मानिनेछ ।

१३. बोलपत्रको बिड डकुमेन्ट, स्पेसिफिकेसन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्बन्धी कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय वा प्रसङ्गले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन । नेपाल सरकारको प्रचलित नियम कानुन र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

१४. बोलपत्र सम्बन्धी विस्तृत जानकारीका लागि प्रि-बिड मिटिङ (बोलपत्र पेश गर्नु पूर्वको बैठक) सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ५२ बमोजिम यस कार्यालयले आवश्यक ठानेमा हुन सक्नेछ ।

१५. बोलपत्रदाताले दर्ता गराएको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) को नियम ५८ को उपनियम २, ३, ४, ५ र ६ बमोजिम बोलपत्र पेश गर्ने अन्तिम मिति वा समय भुक्तान हुनुभन्दा चौबिस घण्टा अगावै फिर्ता वा संशोधन मध्ये के गर्न चाहेको हो सो स्पष्ट उल्लेख गरिएको लिखित सूचना सहितको शीलबन्दी निवेदन यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । त्यस्तो सूचनामा दस्तखत गर्ने व्यक्तिको रीतपूर्वकको अधिकारपत्र समेत अनिवार्य रुपमा संलग्न रहेको हुनु पर्नेछ ।

१६. रीत नपुगी वा म्याद नाघी आएको बोलपत्रहरु उपर कुनै कारबाही हुने छैन । बोलपत्र सम्बन्धी अन्य केही कुरा बुझ्न आवश्यक परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र स्वीकृत भए पश्चात पनि यस कार्यालयले ठोस निर्माण कार्यको आइटम पूर्ण वा आंशिक रुपमा थपघट गर्न सक्नेछ ।

१८. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (दसौं संशोधन सहित) तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

**तपसिलः**

| ठेक्का नं. | निर्माण कार्यको नाम र ठेगाना | लागत अनुमान रकम (कन्टिन्जेन्सी र भ्याट समेत) तथा उस्तै प्रकृति (Similar Nature) को काम सम्बन्धी अनुभव रू. | औसत कार्य अनुभव (Turn Over) रू. | आर्थिक क्षमताको विवरण (क्रेडिट लाइन) रू. | बोलपत्र जमानत रकम रू. | बोलपत्र फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|---|
| ०२/२०७६/०७७ | २ नं. वडा कार्यालय भवन निर्माण, वडा नं. २ | ६३,००,०००।- | ९४,५०,०००।- | १५,७५,०००।- | १,८९,०००।- | ३,०००।- |
| | संयुक्त उपक्रम (J.V. Partner) को लागि आवश्यक योग्यता | १५,७५,०००।- | २३,६२,५००।- | | | |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**